आज मिति २०८३ साल असार ५ गते बिहान ९:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ६३ औं बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेश अधिकारी | |

प्रस्तावहरुः

१. आगामी १८ औँ नगर सभामा आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य पेश गर्ने सम्बन्धमा ।
२. विषयगत समितिका प्रतिवेदन सम्बन्धमा ।
३. राजश्व परामर्श समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आर्थिक विद्येयक २०८३, विनियोजन विधेयक,२०८३ नगर सभामा पेश गर्ने सम्बन्धमा ।
५. आ.व. २०८३।०८४ को मध्यमकालिन खर्च संरचना पेश गर्ने सम्बन्धमा ।
६. आ.व. २०८१।०८२ को महालेखा परिक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
७. कार्यपालिकाका निर्णय अनुमोदन सम्बन्धमा ।
८. हालसम्मको खर्च प्रगति सम्बन्धमा ।
९. रकमान्तर सम्बन्धमा ।
१०. क्रसर उद्योगको दर्ता अनुमति सिफारिस सम्बन्धमा ।

**निर्णय नं. १** रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यक्रम आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** रास्कोट नगरपालिकाका विभिन्न विषय समितिका संयोजकले पेश गरेका समितिका वार्षिक प्रतिवेदनमा छलफल गरियो । साथै उक्त प्रतिवेदनहरु आगामी नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** रास्कोट नगरपालिको राजश्व परामर्श समितिका संयोजक श्री मनिराज बराल ज्युले पेश गरेको राजश्व परामर्श समितिको प्रतिवेदन र न्यायिक समितिका प्रतिवेदन उपर छलफल गरियो । उक्त प्रतिवेदन आगामी नगर सभा बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ रास्कोट नगरपालिकाको आर्थिक विद्येयक, २०८३ , विनियजन विद्येयक, २०८३ १८ औँ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ आ.व. २०८३।०८४- ०८५।०८६ को मध्यमकालिन खर्च संरचना १८ औँ नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ रास्कोट नगरपालिका आ.व. २०८१।०८२ को महालेखा परिक्षकको प्रतिवेदन १८ नगर सभामा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ रास्कोट नगरपालिका नगरकार्यापालिकाको मिति २०८२।१०।२९ देखी मिति २०८३।०३।०५ गते सम्मका (बैठक नं.५५ देखि ६३ औँ सम्मका कार्यपालिका बैठकका) निर्णयहरु अनुमोदनका लागि आगामी नगर सभामा बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ रास्कोट नगरपालिकाको चालु आ.व. २०८२।०८३ हालसम्मको वास्तविक आम्दानी र खर्च प्रगतिका सम्बन्धमा छलफल गरि असार मसान्तमा हुने भुक्तानीको चापलाई मध्यनजर गरी चालु आ.व. का योजनाहरुको भुक्तानी कार्यलाई व्यवस्थित बनाउन निर्माण कार्यलाई समयमै सम्पन्न गरी भुक्तानीका लागि पेश गर्न आवश्यक सहजीकरण गर्न प्राविधिक शाखा तथा सम्पुर्ण वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ रास्कोट नगरपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेट शिर्षकमा अपुग भएको वा खर्च हुन नसकेको रकम देहायबमोजिमका शिर्षकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम बढि भएको वा खर्च हुन नसकेको रकम अपुग भएका देहायको शिर्षकमा रकमान्तरका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

रास्कोट नगरपालिकाको राजश्व परामर्श समितिले सिफारिस गरेको ढुङ्गा गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ११ को उपदफा १२ , १३ बमोजिम रास्कोट नगरपालिका वडा नं. ६ मा सञ्चालित अस्थायी क्रसर उद्योगको दर्ता अनुमति सिफारिस, वार्षिक व्यवसाय कर रकम परामर्श समितिले सिफारिस गरे बमोजिमको राजश्व रकम लिई असुल उपर गर्न सम्बन्धित ठेकेदारहरुलाई पत्राचार गरी राजश्वका दायरमा लिन निर्णय सर्वसहमतिले पारित गरियो ।

| क.स. | विवरण | दर्ता अनुमति सिफारिस शुल्क | वार्षिक नविकरण शल्क |
|---|---|---|---|
| १ | स्थायी /अस्थायी क्रसर उद्योग दर्ता अनुमति | रु ३०००००।–(अक्षरुपी तीन लाख मात्र) | रु. २००००० ।- (अक्षरुपी दुई लाख मात्र ) |